

# विभेदविरुद्ध उमाको सशक्त आवाज



- लक्ष्मी बस्नेत

**कसले कसको कोखमा जन्म लिन्छ**, अनि जन्मिएर को के बन्छ कसैलाई थाहा हुँदैन । कसको कोखमा जन्म लिने भन्ने कुरा कसैको वशमा हुन्न । एउटै आमाबाबुको कोखबाट जन्मिएको छोराछोरी बीच पनि फरक हुन्छ । यी र यस्ता कुरा उमा वादीको जीवनलाई नियाल्दा झन् छर्लङ्ग हुन्छ ।

वादी समुदाय अनि त्यो समुदायका महिला भन्ने बित्तिकै धेरैको बुझाइ हुन्छ- महिलाहरूयौन व्यवसाय गर्छन् अनि उनीहरूबाट जन्मिएका बच्चाबच्चीको बाबुको टुङगो हुँदैन । हो, अहिलेसम्म यस्तै परिचय बोक्न बाध्य वादी समुदायकी एक सशक्त योद्धा हुन-उमा वादी । शकुन्तला वादीकी पाँच जना छोराछोरीमध्ये माइली उमा वादी वादी समुदायको हक अधिकारका लागि सशक्त रूपमा अगाडि बढ्ने महिला हुनुभयो ।

वादी समुदायको भएकै कारण आफूलाई कतिले नकारात्मक दृष्टिले हेर्ने गरेको अनुभव पनि उहाँलाई नभएको होइन तर उहाँलाई जति नजिकबाट चिनिन्छ, उहाँको जीवन भोगाइ र सङघर्ष थाहा पाइन्छ ।

आफूले बुझेदेखि नै वादी समुदायका महिलाको अधिकारको आवाज उठाउँदै आउनुभएकी उहाँ देशमा लोकतन्त्र आएपछि भने निकै अगाडि आएर सरकारका मन्त्रीहरूसँग प्रत्यक्ष (फेस टु फेस) वार्ता, छलफल गर्दै सशक्त रूपमा प्रस्तुत हुन थाल्नु भएको हो । त्यतिबेला उहाँ वादी सङघर्ष समितिको संयोजक हुनुहुन्थ्यो भने वादी समुदायका समस्या र माग सम्बोधनका लागि सरकारले गठन गरेको कार्यदलको सदस्य पनि हुनुभयो ।

२०१९ साल जेठ २१ गते सल्यान जिल्लामा जन्मनुभएकी उमा धनगढी, कैलालीमा हुर्कनुभयो । कसरी बित्यो त बाल्यकाल ? प्रश्नमा भावुक हुँदै भन्नुहुन्छ, 'वादीका छोरीको बाल्यकाल कस्तो हुन्छ, त्यो बेलाको कुरा गर्दा त कहाली लाग्छ ।'

उहाँको परिवार उमा जन्मिए लगत्तै कैलालीको धनसिंहपुरमा बसाइँ सरेको थियो । बसाइँसराइको कारण थियो वादी हुनु । वादीहरू कसैको पनि आफ्नो भूमि हुँदैनथ्यो, त्यसैले कहिले पहाड कहिले तराई बस्ने गरेको बताउनुहुन्छ

उमा । वादीहरू ६ महिना पहाड, ६ महिना तराईतिर अथवा अन्यत्र जाने गर्थे । अहिले पनि स्थायी बसोबासको व्यवस्था गरिदिनुपर्ने माग मुख्य रूपमा उठिरहेकै छ ।

वादी समुदायकै भए पनि उहाँका बाबु बलदेवप्रसाद वादी केही बुझेको भएकाले छोरीलाई लेखपढ गराउनु पर्छ भन्ने सोचको हुनुहुन्थ्यो । तर पढाउन आर्थिक अवस्थाले सम्भव थिएन ।

केही बुझ्नुपर्छ भनेर सबैभन्दा पहिले कैलालीको धनसिंहपुरमा रहेको झुमा विद्यालयमा भर्ना गरिएको उमा सम्झनुहुन्छ । तर पढाइको कुरा सँगसँगै उहाँले अचम्मको कुरा सुनाउनुभयो, त्यो के हो भने उहाँले एउटा, दुइटा वा तीनवटा मात्रै विद्यालयमा पढ्नु भएन । ६/७ कक्षासम्मको मात्र अध्ययन गरेको बताउँदै उहाँ भन्नुहुन्छ, वादी समुदायको स्थायी बसोबास नभएकाले जहाँ बसाइँ सऱ्यो त्यहाँको विद्यालय जाँदा धेरै विद्यालयमा पढियो । कतिवटा संख्या ठ्याक्कै याद छैन तर आधा दर्जनभन्दा त बढी नै थिए । आर्थिक अवस्थासँगै वादी महिलाप्रतिको नकारात्मक सोचले धेरै कक्षासम्म पढ्न नपाएको उहाँले स्पष्ट पार्नुभयो । त्यसो त छोरीले धेरै पढे भने चिठी लेखेर भाग्छन् (बिहे गर्छन्) भन्ने सोच पनि नभएको होइन त्यस बेला ।

वादी समुदायकी छोरी भएकै कारण विद्यालयले समेत कक्षाकोठा भित्र नराख्ने दुःखद सम्झना उहाँसँग छ, बिर्सनै सक्नुहुन्न । शिक्षकहरूले वादीका छोराछोरीलाई छुट्टै पढाउँथे त्यो पनि टाढै राखेर । उनीहरूले बोकेको सिलोट (लेख्ने सामग्री त्यसलाई कहीं पाटी पनि भन्ने गरिन्छ) समेत शिक्षकहरूले छुँदैनथे । नजिकै आएर कुनै पनि शिक्षकले हात समातेर कहिल्यै पनि लेख्न, पढ्न सिकाएनन् । त्यतिबेला त किन त्यसो गरेको भन्ने खासै याद हुँदैनथ्यो तर ठूलो हुँदै जाँदा बुझियो, वादीको छोराछोरी भनेर पो त्यस्तो विभेद गरेको रहेछ ।

टोल छिमेकमा पनि पानी भर्ने धाराकुवाको छेउमा जान पनि दिइँदैनथ्यो । मन्दिर पस्न त कुरै छाडौं । चढाइदिनू भनेर दिएको फूल र अक्षतासमेत मन्दिरका पुजारीहरूले नछुँदाको पीडा भनी साध्य हुँदैनथ्यो । यो पीडाको

अनुभव १०/११ वर्षको हुँदादेखि हुन थालेको हो । त्यतिबेला कैलालीकै शक्तिबजारमा रहेको शिवको मन्दिरमा पुजारीसँग झगडासमेत गरेको उहाँले सुनाउनुभयो । तीजमा मन्दिर गएका बेला हाम्रो पुजाको सामानसहित थाली फालिदिएपछि सहन नसकेर झगडा गरेको पनि उमा वादीले सम्झनुभयो । यस्ता विभेद त पाइलापाइलामा हरेक ठाउँमा हुन्थ्यो उमा भन्नुहुन्छ ।

आफूहरूमाथिको विभेदविरुद्धको आवाजकै लागि हो सङ्गठित रूपमा लाग्न शुरु गरेको । विभेद नेपालमा मात्र होइन भारतमा पनि हुन्थ्यो । कामको खोजी गर्दादेखि काम पाएर गर्न थालेपछि समेत ज्यालामा विभेद हुन्थ्यो भारतमा पनि । स्वदेशमा मात्र होइन विदेशमा समेत पीडा भोग्न थालेपछि वादी समुदायका युवाहरू २०५४/५५ सालतिर सङ्गठित हुन थालेका हुन् ।

अधिकारकर्मी उमा वादीका अनुसार वादी समुदायको अधिकारका लागि सबैभन्दा पहिला युवाहरूको क्लब गठन गरिएको थियो । यसको उद्देश्य विभेद विरुद्ध सङ्गठित रूपमा लाग्नुपर्छ भन्ने नै हो । **सामुदायिक सहयोग समिति** नाम राखेर २०५५ सालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको उक्त संस्था वादी समुदायको पहिलो संस्था हो ।

यही समितिमार्फत् नागरिकता नभएकालाई नागरिकता लिन पहल गर्ने, बाध्य भएर यौन व्यवसाय गर्ने महिलाहरूलाई पुनर्स्थापना तथा आयआर्जनमा लगाउने, भूमि अधिकार, वादीका छोराछोरीलाई पढ्ने व्यवस्था गर्ने काम शुरु भएको हो । समितिले शुरुमै कैलालीमा महिला र पुरुषहरूका लागि छुट्टाछुट्टै होस्टेल (आवास गृह) पनि खोलेको छ भने दाङमा पनि काम त्यत्ति बेला नै शुरु गरेको हो । त्यही भवनमा बसेर पनि थुप्रै बालबालिकाले आफ्नो शिक्षालाई निरन्तरता दिए ।

समुदायका लागि मात्र होइन आफ्नो जीवनमा पनि थुप्रै अप्ठ्याराहरू बेहोर्नु परेको छ । सङ्घर्ष परिवारभित्रै पनि धेरै गर्नुपर्‍यो । भट्ट (ब्राम्हाण) परिवारका प्रेमलाल भट्टसँग विवाह भएपछि अन्तरजातीय विवाहको मारमा पर्नुभयो उहाँ । अहिले पनि श्रीमान्‌बाहेक परिवारका सदस्यले सकारात्मक रूपले

लिएका छैनन् । विवाह गरेको तीन दशक हुन लाग्यो तर घरपरिवारले राम्रो गरेको अनुभव छैन उमासँग ।

तर घरभित्रको कुरालाई व्यक्तिगत मामिला मान्ने उमाले त्यसलाई ठूलो मान्नुभएन । आफ्नो भन्दा आफ्नो समुदायको कुरालाई बढी प्राथमिकता दिएको बताउने उमाकै सङ्घर्षले गर्दा धेरै परिवर्तन पनि भएको छ । तर गर्न पनि धेरै नै बाँकी छ यो समुदायका लागि ।

जिल्लामा गरिएको आन्दोलनको आवाज सरकारले नसुनेपछि २०६४ सालमा राजधानीमा भएको आन्दोलनले केही हदसम्म माग पुरा गऱ्यो भन्न सकिन्छ । विभिन्न २६ बुँदे माग राखेर ४८ दिनसम्म भएको सिंहदरबार केन्द्रित आन्दोलन वादी अधिकारको सङ्घर्षमा कोसे ढुङ्गा र आफ्नो जीवनको अहिलेसम्मकै ठूलो लडाईं भन्नुहुन्छ उमा । त्यो आन्दोलनपछि सरकारले वादी समुदायको विस्तृत अध्ययन गर्न कार्यदल बनाएर अध्ययन प्रतिवेदन तयार गऱ्यो ।

बाध्यतामा यौन पेशामा लाग्ने महिलाहरूलाई आयआर्जनको विकल्प सहितको पुनर्स्थापना र आमाका नाममा नागरिकता त्यो आन्दोलनको मुख्य माग थियो । किनकी पुरुषहरूको पनि रोजगारी हुँदैनथ्यो, परम्परागत पेशाबाट गुजारा चल्दैनथ्यो । त्यसैले केही वर्ष अघिसम्म हातमुख जोड्नकै लागि कतिपय महिलाहरूदेह व्यापार गर्दथे । २०६४ साल पुस २३ गतेको मन्त्रिपरिषदको बैठकले यसरी बाध्यात्मक रूपमा यौन व्यवसाय (देह व्यापार) गर्न नपाउने र उनीहरूलाई आयआर्जनको विकल्पसहित पुनर्स्थापना गर्ने निर्णय पनि वादी समुदायको आन्दोलनको एउटा सफल खुड्किलो हो । तर निर्णयअनुसार आय आर्जनसहित पुनस्थापना भने सरकारले गरेको छैन । त्यसैले उनीहरू पछिल्ला केही वर्ष यता नेपालमा होइन भारतका विभिन्न ठाउँमा गएर देहव्यापार नै गरिरहेको उमा वादीकै भनाइ छ- 'नेपालमा सरकारले निर्णय गरिदियो, विकासे कार्यकर्ताले त्यसो गर्नै हुँदैन भने, यहाँ प्रतिबन्ध जस्तै भयो तर जीवन धान्ने केही विकल्प नभएपछि उनीहरू ठाउँ छोडेर गए । तर त्यो पेशा अंगाल्न बाध्य छन् ।'

वादी समुदायको पृष्ठभूमि हेर्ने हो भने वादी समुदाय दलित समुदायभित्रको पनि पछाडि पारिएको समुदाय हो । यिनीहरूको छुट्टै भाषा र संस्कृति छ भनिए पनि स्थापित र प्रमाणित रूपमा भने देखिएको छैन । नेपालको मध्य र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत सल्यान, दैलेख, दाङ, सुर्खेत, जाजरकोट, बर्दिया, कैलाली, रुकुम, रोल्पा, कञ्चनपुर, बैतडीआदि जिल्लामा बढी बसोबास गर्ने गरेका छन् । उनीहरू धेरथोर ५९ जिल्लाका विभिन्न गाउँ, टोलमा बसोबास रहेको सरकारकै अध्ययन प्रतिवेदनले पनि देखाएको छ । यो समुदायको जनसङ्ख्या झण्डै ४५ हजार भएको सरकारी तथ्याङ्क छ । तर उनीहरू त्योभन्दा बढी हुन सक्ने अनुमान गर्छन् ।

वादी समुदायको अध्ययन गर्न ९ वर्ष अघि सरकारले गठन गरेको कार्यदलको प्रतिवेदनमा पनि वादीहरू को हुन् र यिनीहरूको मूल थलो कुन हो भन्ने सन्दर्भमा मतभिन्नता रहेकाले एकीन केही उल्लेख गरिएको छैन । केहीले वादी र पातरलाई नेपालका विभिन्न मन्दिरमा रहेका देउकी वा देउचेली (देव दासी), र झुमा जस्तै नेपाली समाजका मौलिक संस्करण हुन् भनेका छन् भने केहीले यिनीहरूलाई भारतको बैशाली क्षेत्रबाट नेपाल आएको अनुमान गरेका छन् ।

कुनै समयमा राणा सामन्त र राणाका उच्च पदाधिकारीहरूको मनोरञ्जनका लागि वादीहरूले नै गायन, नृत्य जस्ता कलाद्वारा उनीहरूलाई मनोरञ्जन दिने गर्नुपर्दथ्यो भनेर चाहिँ वादीहरू नै भन्ने गर्दछन् । त्यसको केही समयपछि भने समाजमा रहेको ब्राम्हाण क्षेत्री वा अरु कुनै जातिको घरमा पनि कुनै शुभकार्य गर्नुपर्‍यो भने उनीहरूलाई बोलाइन्थ्यो । जुन कार्यलाई वादीहरूले पनि स्वीकार गर्दै सकारात्मक रूपमा हो पनि भनेका छन् ।

वाद्यवादन गर्नेलाई 'वादक' र नृत्य तथा अभिनय गर्नेलाई 'पात्र' वा 'पात्री' भनिन्थ्यो जुन पछि नेपाली जनजिब्रोमा वादकबाट 'वादी' र पात्र र पात्री ' पातर' का रूपमा रूपान्तरित हुन गएको हो तर यो अनुसन्धानको विषय रहेको कुरा अध्ययन प्रतिवेदनमा लेखिएको छ ।

यी वादी र पातरहरूले नेपालका विभिन्न बाइसे र चौबीसे (भुरे/टाकुरे) राणा एवम् सामन्तका दरबारमा नाचगानका साथै विभिन्न अभिनय गरेर मनोरञ्जन प्रदान गर्ने तथा उक्त कामबाट प्राप्त पुरस्कार र पारिश्रमिकबाटै आफ्नो तथा परिवारको जीविकोपार्जन गर्ने गर्दथे । यो क्रम राणाकालसम्म निरन्तर जारी रह्यो । पश्चिम नेपालमा जमिनदारी प्रथा कायम हुँदासम्म वादीहरूको अवस्था राम्रै थियो ।

राणाशासनको अन्त्य र जमिनदारी प्रथाको उन्मूलनले वादीहरूलाई निकै ठूलो प्रभाव पारेको अगुवाहरूको ठम्याइ छ। यसै समयदेखि नाचगान र मनोरञ्जनको प्रथा समाप्त नै भएको र वादीहरूको रोजगारीको अर्को कुनै विकल्प नभएका कारण पुरुषहरू माछा मारेर एवम् ढोल, मादल, माटाका सामग्री बनाउने, जाल बुन्ने कार्यमा र महिला/युवतीहरू बाध्य भई देह व्यापारजस्तो निन्दनीय कार्यमा लागेर जीवन धान्न थालेको पाइन्छ। (मजगैया:२०५६)

यसरी हेर्दा वादी समुदायले आफ्नो कला, कौशल र सीपका कारण आफ्नो बारेमा सोच्नुभन्दा पनि तत्कालीन राजा, रजौटा जस्ता सामन्तहरूलाई मनोरञ्जन प्रदान गरी खुशी पार्नमा नै समय व्यतीत गरेको पाइन्छ। जमिनदारी प्रथाको उन्मूलनपछि यो समुदाय सहाराविहीन हुन पुग्यो। फलस्वरूप यो समुदायलाई स्थायी बसोबासका लागि न घरजग्गा, न जमिन नै राज्यबाट प्राप्त भयो, न त उनीहरूले नै चासो राख्ने कोशिश गरे । यो समुदायमा पातर, वादी, नेपाली, राना, भाँड, दमाई, बैगार, सिंह, कुमाल, दास, गन्धर्व र गाइने आदिजस्ता थरहरू प्रचलनमा रहेको पाइन्छ ।

यस समुदायमा केही प्रतिशत चेलीबेटीहरू जीवन निर्वाहको अन्य विकल्प नहुँदा मीठो खान, राम्रो लाउन र अन्य सुख, सुविधाका लागि तथा कतिपयले बाध्यताले पनि देहव्यापारलाई पेशाका रूपमा अँगाल्न बाध्य भए ।

२०३६ सालपछि पनि वादी समुदायको उत्थानका लागि सरकारी स्तरबाट प्रयास नभएको पनि होइन तर प्रयासको सार्थक परिणाम देखिन सकेन । समाज र राज्यबाट उचित संरक्षण, सहयोग र व्यवस्था नपाउँदा यो समुदाय

देहव्यापार गर्ने समुदायका रूपमा चिनिन थालेको दुःखद अनुभव उमा वादी बताउनुहुन्छ ।

२०४८ सालमा प्रजातन्त्रको पुनर्स्थापना पछि भने सरकारी तथा गैरसरकारी संस्थाहरूले वादी समुदायको पक्षमा काम गर्न थाले । फलस्वरूप उनीहरूमा जनचेतनाको स्तर वृद्धि हुँदै गएको भन्न सकिन्छ । २०६३ सालको जनआन्दोलन पछि भने वादीहरू आफ्नो पहिचान, अस्तित्व र अधिकार प्राप्तिको दिशामा अग्रसर भएका छन् । त्यसैले उनीहरूले गएको वर्ष ४८ दिनसम्म राजधानी केन्द्रित सशक्त आन्दोलन गरे र सरकारले उनीहरूको विस्तृत अध्ययन गर्न कार्यदल बनायो । कार्यदलले २०६५ पुसमा (१७ गते) नै प्रतिवेदन पनि तयार गरेर त्यतिबेला नै बुझाएको थियो । उक्त प्रतिवेदनमा पनि ६ प्रतिशत परिवार देह व्यापारमा संलग्न रहेको देखाएको थियो ।

वादी समुदायको वर्तमान अवस्था विगतको तुलनामा निकै परिवर्तित हुँदै आएको छ । तर चित्त बुझाउने अवस्थासम्म आइपुगेको छैन । उनीहरूले परम्परागत रूपमा अपनाउँदै आएको पेशा समयको प्रवाहसँगै विस्थापित हुँदै गएको छ र क्रमशः अन्य पेशामा रूपान्तरण भएका छन् । हालको राजनैतिक परिवर्तन र जनचेतनाको वृद्धिले विगतमा वादी समुदायका केही महिलाहरूबाट अपनाइएको यौन पेशामा कमी आएको छ । सरकारले वादी समुदायमा देह व्यापार अन्त्यको घोषणा गरिदिएको एक दशक पुग्न लाग्यो । तर हालसम्म पनि सामाजिक र सांस्कृतिक विभेदबाट मुक्त हुन सकेको छैन । त्यसैले यो समस्या वादी समुदायको मात्र होइन, सिङगो राज्यको हो ।

अहिले पनि वादी सङ्घर्ष समिति क्रियाशील छ । त्यसको संयोजक उमा नै हुनुहुन्छ ।  उहाँले वादी समुदायका झण्डै ५० हजारको नेतृत्व गरिरहनु भएको छ भने महिला आन्दोलनमा पनि उहाँ कुनै न कुनै हिसाबले जोडिनुभएको छ । व्यक्तिगत होइन समाज र अरुका लागि केही गर्नुपर्छ भन्ने स्वभाव र कार्यशैली भएकोले उहाँ अहिले पनि कसलाई कहाँ के समस्या पर्छ, थाहा पाउने बित्तिकै दौडिहाल्नुहुन्छ । आन्दोलनलाई श्रीमान्ले पनि सक्दो सहयोग गरिरहनु भएको उहाँ बताउनुहुन्छ ।

अझै वादी समुदायको माग पूरा नभएको बताउने उहाँ आफ्नो ठाउँबाट विस्थापित भएर यौन पेशालाई अंगालिरहेका वादी महिलाहरूलाई स्वदेशमै फर्काएर उनीहरूको योग्यता, क्षमताअनुसार जागिर दिने अथवा जीवन गुजारा चलाउनका लागि आयआर्जनको बाटो सरकारले देखाइ दिनुपर्ने उहाँको तर्क छ । वादी समुदायभित्र आमाको नामबाट नागरिकता लिन पाउने व्यवस्था सरकारले गरिदिएको छ । वादी समुदाय उत्थान राष्ट्रिय प्रतिष्ठानको गठन हुनु आन्दोलनको उपलब्धि र सकारात्मक हो तर विस्थापित महिलाहरूको उचित पुनर्स्थापना, स्थायी बसोबासको व्यवस्था, युवाहरूलाई रोजगारी र आयमूलक काममा सघाउने काम अझै हुन बाँकी छ ।

उमा भन्नुहुन्छ, यो देशमा माछा, भ्यागुताका लागि खोलाको व्यवस्था गरिन्छ, जीव जनावरका लागि जङ्गलको व्यवस्था गरिदिन्छ राज्यले तर वादी समुदायको लागि बसोबासको व्यवस्था गरिदिएको छैन । त्यसैले आधाभन्दा बढी उमेर सङ्घर्ष र आन्दोलनमै बित्यो, अझै कति यसैगरी बित्ने हो भन्न सक्ने अवस्था छैन । तर सकुन्जेल अधिकारको लडाइँबाट पछि हट्ने छैन ।

५५ वर्ष पुग्न लागे पनि आँट र जाँगर उस्तै देखिन्छ । त्यसैले भन्न सकिन्छ, उमा वादीको नाम नलिई वादी समुदायको कुरा शायदै पूरा हुँदैन ।

सानैदेखि विभेदको महसुस हुन्थ्यो, त्यसैले अधिकारका लागि कुनै न कुनै हिसाबले सानैदेखि आवाज उठाएको उहाँ सम्झिनुहुन्छ । उहाँको कामको सम्मानस्वरूप राष्ट्रिय तथा क्षेत्रीय र जिल्ला स्तरका थुप्रै सम्मान र पुरस्कार पाउनुभएको छ । राष्ट्रिय दलित आयोग, भारत-नेपाल मैत्री सङ्घजस्ता दर्जनौं सङ्घसंस्थाले सम्मान तथा पुरस्कृत गरेकोमा उहाँ खुशी हुनुहुन्छ । सम्मान गर्लान् भनेर गरेको त होइन तर आफूलाई सम्मान गर्ने भनेको आफ्नो कामप्रति ऐक्यबद्धता पनि हो । वादी अधिकारका लागि आफ्नो समुदायसँग सम्बन्धित मात्र होइन समग्र महिला आन्दोलनमा पनि उहाँ सक्रिय हुनुहुन्छ । केही समय अघिसम्म महिला मानवअधिकार रक्षक सञ्जालका केन्द्रीय सदस्य हुनुहुन्थ्यो भने जिल्लामा पनि थुप्रै सङ्घसंस्थामा आवद्ध भएर आर्थिक तथा सामाजिक अधिकारका लागि लडिरहनुभएको छ । अन्य कुनै पनि समुदायको हकअधिकारको नेतृत्व पुरुषहरूले गरिरहेको हामीले देखेका छौं तर वादी

समुदायको आन्दोलनको नेतृत्व झण्डै दुई दशकदेखि उमाकै नेतृत्वमा चलिरहेको छ । त्यो समुदायका हरेकले उमालाई आफ्नो आड, भरोसाका रूपमा लिएर साथ दिइरहेका छन् ।

**स्रोत सामग्री**

मजगैंया, रामकृष्ण ।२०५६ । अपराजिता खण्डकाव्य । नेपाल साहित्यकार सङ्घ ।